# श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड

(प. लि. द. नं. १५७१०१/०७३/०७४)

## वि.सं. २०८२ साल भाद्र ३१ गते शुक्रबारका दिन सेलिब्रेसन हाईट्स, सुकेधारा, काठमाण्डौमा सम्पन्न भएको

## नवौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णय पुस्तिका

## Minute of 9th Annual General Meeting

(क) पृष्ठभूमि :

यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको नवौं वार्षिक साधारण सभा मिति २०८२ साल असोज ३१ गते (तदनुसार १७ अक्टोबर, २०२५), शुक्रबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, काठमाडौ, सुकेधारा स्थित सेलिब्रेसन हाईट्समा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले समितिका सञ्चालक सदस्यहरू, कम्पनीका शेयरधनी महानुभावहरू, आमन्त्रित अतिथि वर्ग, कम्पनीका पदाधिकारीहरू लगायत उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई नवौं वार्षिक साधारण सभामा स्वागत गर्नु भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापनका तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित एवं सञ्चालित रामेछाप तथा ओखलढुङ्गा जिल्लाको सिमाना भएर बग्ने लिखु खोलामा निर्मित तथा सञ्चालित २८.१ मे.वा. जडित क्षमताको तल्लो लिखु जलविद्युत आयोजनाको सञ्चालन अवस्था, मर्मत सम्भार, संस्थागत सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण लगायतका सम्बन्धमा भए गरिएका कार्यहरू र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा श्रव्य-दृष्य (अडियो-भिडियो) प्रस्तुतीकरण मार्फत जानकारी गराइयो । तत् पश्चात् शेयरधनीहरूबाट राखिएका जिज्ञासाहरू सम्बोधन गरी साधारण सभामा पेश गरिएका निर्धारित प्रस्तावहरू उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १२:५० बजे समापन भएको थियो ।

(१) **सभाको सूचना तथा प्रकाशन :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२ साल भाद्र ३० (तदनुसार १५ सेप्टेम्बर, २०२५) गते बसेको बैठकको निर्णयानुसार आयोजित यस नवौं वार्षिक साधारण सभाको जानकारीका लागि मिति २०८२ साल भाद्र ३१ (तदनुसार १६ सेप्टेम्बर, २०२५) गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक तथा २०८२ साल असोज ०१ (तदनुसार १७ सेप्टेम्बर, २०२५) गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै, उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेबसाईट www.swetgangahydropower.com मा पनि राखिएको थियो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

(२) **उपस्थिति :**

**(अ) सञ्चालकहरूको उपस्थिति**

| | |
|---|---|
| श्री अनुप कुमार उपाध्याय<br>(प्रतिनिधि सानिमा हाइड्रोपावर लि.) | सञ्चालक/अध्यक्ष |
| डा. सुवर्ण दाश श्रेष्ठ<br>(प्रतिनिधि सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि.) | सञ्चालक-सदस्य |
| श्री गृष्म ओभा<br>(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक-सदस्य |
| श्री शान्ति निरौला (ओभा) | सञ्चालक-सदस्य |
| श्री भरत रेग्मी | सञ्चालक-सदस्य |
| श्री दिलिप श्रेष्ठ | सञ्चालक-सदस्य |
| श्री कन्हैया कुमार मानन्धर | स्वतन्त्र सञ्चालक |

**(आ) कम्पनीका पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| श्री सजन श्रेष्ठ | महाप्रबन्धक |
| श्री अंगुरा कोइराला | कम्पनी सचिव |
| श्री कृष्ण अधिकारी | वित्त प्रमुख |

**(इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री दिवस राई | प्रतिनिधि, कम्पनी रजिष्टार्डको कार्यालय |
| श्री रन्जु कुमारी सिंह | प्रतिनिधि, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड |
| श्री राजु कुमार शिवाकोटी | प्रतिनिधि, JBRH & Co., Chartered Accountants |
| श्री रश्मी रिजाल | प्रतिनिधि सानिमा क्यापिटल लिमिटेड |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या<br>(संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - | ९४ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - | ५३ जना |
| ३. जम्मा उपस्थित संख्या | - | १४७ जना |

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

(३) **नवौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

**(क) साधारण प्रस्तावहरू**

१. नवौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।

५. कम्पनीका शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना महिला सहित ४ (चार) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. कम्पनीको प्रबन्धपत्रको दफा ६ को (ङ) र (च), दफा ८ को (ख) तथा नियमावलीको नियम ३१ को (१) र (२) संशोधन गर्ने ।

२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

(४) **गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,४०,६७० | ९४ | ८२ | १७६ | ०.१३ % |
| कम्पनीको शेयर संख्या | १,५९,३०,००० | १,१२,८६,२८४ | १४२४१० | १,१४,२८,६९४ | ७१.७४ % |

**(ख) सभाको वैधानिकता**

(१) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या **१७६** भएको र कूल बाँडफाँड भएको **७१.७४%** प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

नियमावली तथा प्रचलित कानुन बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(२) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूले गर्नु भई, नवौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

**(ग) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :**

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा रामेछाप जिल्लाको लिखु तामाकोशी गा. पा. र ओखलढुङ्गा जिल्लाको लिखु गा. पा. को सिमाना भएर बग्ने लिखु नदीको पानी प्रयोग गरी प्रवर्द्धित तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे. वा.) को सञ्चालनको अवस्था, विद्युत उत्पादन, कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको कार्यहरू सहित आयोजनाको विस्तृत विवरण श्रव्य-दृष्य (अडियो-भिडियो) को माध्यमद्वारा जानकारी गराइयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८२ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८१/८२ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । मन्तव्यका क्रममा कम्पनीका शेयरधनीहरूले मौखिक रूपमा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

**(अ) श्री जगनाथ आचार्य**

यस वर्ष कम्पनीले लाभांश वितरण गर्न नसकेकोमा दुःख लागेको छ, तथापि वार्षिक प्रतिवेदनको समीक्षा गर्दा गत आ.व. भन्दा यस आ.व. मा कम्पनीको वित्तीय अवस्था राम्रो देखिएको छ । हकप्रद शेयर जारी गरी बैंक कर्जा चुक्ता गर्न तथा जलविद्युत मात्र नभई सौर्य उर्जा विकासमा समेत लाग्नु हुन अनुरोध गर्दछु । सञ्चालकको नियुक्ति निर्वाचनबाट नभई आपसी समझदारीबाट होस् । संस्थागत सुशासन तर्फ सदैव सचेत रही कर्मचारीहरूको प्रशिक्षण तालिमलाई निरन्तरता दिनु होला । आगामी वर्ष लाभाशंको प्रस्ताव ल्याउनु हुन अनुरोध गर्दछु ।

**(आ) श्री सुदिप श्रेष्ठ**

कम्पनीले नाफा कमाई शेयरधनीहरूलाई आगामी वर्ष लाभांश दिने आशा गर्दछु । यस वर्ष जस्तै अर्को वर्ष पनि समयमा नै साधारण सभा गर्नु होला ।

**(इ) श्री ब्रम्हदेव शाक्य**

आर्थिक वर्ष सकिएको तीन महिना भित्र नै साधारण सभा गर्ने गरी काम गर्नु भएकोमा धन्यवाद छ र यसले कम्पनीमा संस्थागत सुशासन रहेको प्रमाणित गर्दछ । कम्पनीको क्यास्केड आयोजनाको निर्माणका लागि पुँजी व्यवस्थापन गर्न एवं बैंक कर्जा चुक्ता गर्न हकप्रद शेयर जारी गर्न सुझाव दिन चाहन्छु । अघिल्लो वर्षको पारिश्रमिक यथावत् हुने गरी लेखापरीक्षक नियुक्त गर्न अनुरोध गर्दछु । यस सभाद्वारा निर्वाचित हुनु

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

हुने सञ्चालकज्यूहरूलाई कम्पनी तथा शेयरधनीहरूको हितमा काम गर्न सफलता मिलोस् भनी शुभकामना दिन चाहन्छु ।

**(ई) श्री इन्द्र प्रसाद लामिछाने**

आर्थिक वर्ष समाप्तिको पहिलो त्रैमासमा नै साधारण सभा गर्नु भएकोमा धन्यवाद । सञ्चालकको नियुक्ति सर्वसम्मतिबाट होस् भन्दै नियुक्त हुनु हुने सञ्चालकलाई अग्रीम रूपमा बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु ।

**(उ) श्री गोबिन्द बहादुर के.सी.**

आगामी वर्ष लाभांश दिने गरी यस वर्ष जस्तै साधारण सभा समयमा नै गर्नु हुने आशा व्यक्त गर्दछु । सञ्चालक समिति इमान्दार र सक्षम देखिएकोले यसलाई निरन्तरता दिनु होला भन्दै आगामी दिनमा लाभांश वितरण गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

**(ऊ) श्री इन्द्र कृष्ण श्रेष्ठ**

कम्पनीको वार्षिक प्रतिवेदनमा इमान्दारिता र पारदर्शिताका साथ विवरणहरू प्रकाशित गर्नु भएकोमा धन्यवाद दिंदै आगामी वर्ष हकप्रद शेयर निष्कासन गर्नका लागि सुझाव दिन चाहन्छु । आगामी वर्ष कम्पनीका साना लगानीकर्ताहरूको हितका लागि केहि व्यवस्था गर्नु हुन र लाभांशको प्रस्ताव ल्याउन हुन अनुरोध गर्न चाहन्छु ।

**(ऋ) श्री सत्रुघन श्रेष्ठ**

नेपालको आर्थिक विकासमा सानिमा समूहले धेरै राम्रो गर्दै आएको छ । देशमा जलविद्युत क्षेत्रको वर्तमान अवस्था र चुनौती तथा जोखिम र सोको न्यूनीकरणको सम्बन्धमा शेयरधनीहरूलाई जानकारी गराउनुहुन अनुरोध छ र आगामी वर्ष कम्पनीले लाभांश दिनु हुने अपेक्षा राख्दछु ।

**(ए) श्री बैजुनाथ रौनियार**

कम्पनीद्वारा सञ्चालित आयोजनाको बैंक कर्जाको व्याजदर घटाउनका लागि ऋण प्रदायक बैंकहरूसँग आवश्यक वार्ता गर्नु हुन अनुरोध गर्दछु । आगामी वर्ष लाभांश प्राप्त हुने सम्बन्धमा पूर्ण विश्वास राख्दछु र नयाँ सञ्चालकहरूलाई अग्रीम बधाई तथा शुभकामना दिन चाहन्छु ।

यसका साथै, शेयरधनीहरू श्री कृष्ण प्रसाद अधिकारी, श्री निरूपमा गुप्ता, श्री डमरू बल्लभ घिमिरे, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री माधव प्रसाद सिंखडा र श्री सृष्टि श्रेष्ठले लिखित रूपमा मन्तव्य राख्नु भएको थियो ।

शेयरधनी महानुभावहरूको मन्तव्यको क्रम सकिए पश्चात सभा अध्यक्षज्यूले शेयरधनी महानुभावहरूले मन्तव्यका क्रममा राख्नु भएको रचनात्मक राय, सुझावका लागि धन्यवाद व्यक्त गर्दै उचित सुझावहरूलाई कार्यान्वयन गरिने धारणा व्यक्त गर्नु भयो, भने शेयधनीहरूबाट कुनै जिज्ञासा वा प्रश्न नआएकोले अक्ष्यक्षज्यूको निर्देशानुसार सभासाधारण सभाको कार्यक्रमलाई अगाडि बढाइयो ।

छलफल पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सबै प्रस्तावहरू सभाको सर्वसम्मतिबाट पारित गरियो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

(घ) **सभाको निर्णयहरू :**

निर्णयार्थ नवौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गऱ्यो :

(क) साधारण प्रस्तावहरू :

**१. नवौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८२ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८१/८२ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

**३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न गत आ. व. का लेखापरीक्षक संस्था श्री JBRH & Company, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक वार्षिक रू. २,२०,०००/- (अक्षरेपी दुई लाख बीस हजार रूपैयाँ मात्र) पारिश्रमिक तोकि पुनः लेखापरीक्षकमा नियुक्तिको लागि गरेको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ. व. २०८२/८३ को लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव तथा पारिश्रमिक सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**४. एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।**

कम्पनीको पाँचौं वार्षिक साधारण सभाबाट नियुक्त हुनु भएका स्वतन्त्र सञ्चालक श्री कन्हैया कुमार मानन्धरज्यूको कार्यकाल यसै नवौं वार्षिक साधारण सभा सम्म रहेको हुनाले आगामी कार्यकालका लागि स्वतन्त्र सञ्चालकको नियुक्तिका सम्बन्धमा प्रचलित कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम सञ्चालक समितिबाट पेश गरिएका तपसिलमा उल्लेखित नामावली मध्ये योग्यता, कार्यानुभव, विज्ञता आदिका आधारमा व्यवस्थापन संकायमा स्नातक तथा बैंकिङ्ग क्षेत्रमा दुई दशक भन्दा बढीको कार्यअनुभव हासिल गर्नु भएकी श्रीमती मीरा थपलियाज्यूलाई आगामी ४ (चार) वर्षको कार्यकालका लागि कम्पनीको स्वतन्त्र सञ्चालकको पदमा नियुक्तीका लागि सञ्चालक समितिबाट भएको सिफारिस सहितको प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

## तपसिल

| क्र.सं. | नाम, थर र ठेगाना | शैक्षिक योग्यता | सम्बन्धित विषयमा कार्य अनुभव |
|---|---|---|---|
| १ | **श्री मीरा थपलिया**<br>का.म.न.पा. वडा नं. ३, काठमाण्डौ | स्नातक (व्यवस्थापन संकाय) | सम्बन्धित विषयमा २३ वर्ष भन्दा बढिको कार्य अनुभव । |
| २ | **श्री ज्ञानेन्द्र लाल श्रेष्ठ**<br>का.म.न.पा. वडा नं. ३, काठमाण्डौ | स्नातकोत्तर (भू-प्राविधिक इन्जिनियरिङ्ग)<br>स्नातक (सिभिल इन्जिनियरिङ्ग) | सम्बन्धित विषयमा ३५ वर्ष भन्दा बढिको कार्य अनुभव । |
| ३ | **श्री आर्यक रञ्जन बराल**<br>का.म.न.पा. वडा नं. ७, काठमाण्डौ | वि.कम⁄ चार्टड एकाउन्टेन्ट | सम्बन्धित विषयमा १२ वर्ष भन्दा बढिको कार्य अनुभव । |

**५. कम्पनीका शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना महिला सहित ४ (चार) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।**

कम्पनीको सञ्चालक समितिमा शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना महिला सहित ४ (चार) जना सञ्चालकहरूको कार्यकाल पूरा भएको हुँदा, कम्पनीको यसै नवौं बार्षिक साधारण सभाबाट सञ्चालकहरूको निर्वाचन⁄नियुक्ति प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिल बमोजिमको ४ (चार) जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दावी विरोध समेत नपरेको र कुनै उम्मेदवारहरूले आफनो नाम फिर्ता नलिनु भएको हुँदा उहाँहरू निविरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री समीर कुमार उपाध्यायज्यूले सभामा घोषणा गर्नु भयो र यस प्रस्तावलाई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

## तपसिल

| क्र.सं. | सञ्चालकको नाम थर र ठेगाना | कैफियत |
|---|---|---|
| १ | **श्री अनुप कुमार उपाध्याय**<br>चवराचौतारा ८, डोटी, हाल महालक्ष्मी न.पा. ५, ललितपुर | प्रतिनिधि सानिमा माई हाइड्रोपावर लिमिटेड |
| २ | **डा. सुवर्ण दाश श्रेष्ठ**<br>ओखलढुङ्गा ५, ओखलढुङ्गा, हाल बुढानिलकण्ठ न. पा. १, काठमाण्डौ | प्रतिनिधि सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्राइभेट लिमिटेड |
| ३ | **श्री जयन्त कुमार रेग्मी**<br>का.म.न.पा. ७, काठमाण्डौ | प्रतिनिधि सानिमा हाइड्रोपावर लिमिटेड |
| ४ | **श्री शान्ति निरौला (ओझा)**<br>खैरहनी ७, चितवन, हाल बुढानिलकण्ठ न. पा. ४, काठमाण्डौ | महिला सञ्चालक |

**(ख) विशेष प्रस्तावहरू :**

**१. कम्पनीको प्रबन्धपत्रको दफा ६ को (ङ) र (च), दफा ८ को (ख) तथा नियमावलीको नियम ३१ को (१) र (२) संशोधन गर्ने ।**

धितोपत्र सम्बन्धी प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निष्कासन भएको मितिले तीन वर्ष पछि, संस्थापक लगायतका सबै समूहको शेयरको लकइन अवधि समाप्त भई रोक्का फुकुवा भए पश्चात् कम्पनीको सबै शेयरको कारोबार एउटै ISIN नं. बाट हुने भई शेयर समुह

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

विभाजनको आवश्यकता नहुने भएकाले, यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा रहेको शेयरधनीको समुह सम्बन्धी प्रावधानहरू लागु नहुने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ङ) र ६ (च), ८ (ख) र नियमावलीको नियम ३१ (२) हटाउने तथा नियमावलीको नियम ३१ (१) मा निम्नानुसार संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

<u>तपसिल</u>

**(क) प्रबन्धपत्रको दफा ६ (ङ) र ६ (च) तथा ८ (ख) हटाउने ।**

**(ख) <u>नियमावलीको नियम ३१ को (१) को सट्टा देहाय ३१ को (१) कायम गर्ने</u> :**

३१ (१) यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । जसमा शेयरधनीहरूको तर्फबाट मनोनित प्रकृया वा आपसी सम्झौता वा निर्वाचन प्रकृयाद्वारा नियुक्त १ (एक) जना महिला सहित ६(छ) जना र १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति भई सञ्चालक समितिमा प्रतिनिधित्व गर्नेछन् ।

**(ग) नियमावलीको नियम ३१ को (२) हटाउने ।**

**२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**(ग) विविध ।**

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

**<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन</u> :**

सभा-अध्यक्षज्यूले कम्पनीको नवौं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू; आमन्त्रित महानुभावहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नुभयो र यस नवौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**श्री अंगुरा कोइराला**
कम्पनी सचिव

**श्री अनुप कुमार उपाध्याय**
सञ्चालक/अध्यक्ष

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED